च. तोकिए बमोजिमका अन्य कुरा ।

७. प्रस्तावना छनौट समिति : (१) साझेदारी कार्यक्रमको लागि पेश गरिएका आशयपत्र तथा प्रस्तावहरुको मूल्यांकन गरी छनौटका लागि सिफारिस गर्न देहाय बमोजिमको साझेदारी कार्यक्रम प्रस्ताव छनौट समिति गठन गरिनेछः-

क. प्रमुख प्रशासकीय अधिकृत- संयोजक
ख. लेखा अधिकृत- सदस्य
ग. सम्बन्धित विषय वा शाखाको प्रमुख- सदस्य
घ. योजना अधिकृत- सदस्य सचिव

(२) प्रस्ताव छनौट समितिमा पालिका प्रमुखलाई विशेष आमन्त्रित सदस्यको रुपमा आमन्त्रण गर्न सकिनेछ ।

(३) प्रस्तावना छनौट समितिले यस कार्यविधिमा उल्लेख गरिएको मापदण्डको आधारमा प्रस्तावना छनौट गरी कार्यपालिकामा पेश गर्नु पर्नेछ ।

८. अंकभार : कुल अंकभार एक सय मध्ये प्राविधिक प्रस्तावको अंकभार सत्तरी तथा आर्थिक प्रस्तावको अंकभार तीस हुनेछ । प्राविधिक र आर्थिक प्रस्तावको संयुक्त मूल्यांकन गरी सबैभन्दा बढी अंक प्राप्त गर्ने प्रस्तावदाताको प्रस्ताव छनौट गर्नु पर्नेछ ।

९. प्राविधिक प्रस्ताव मूल्यांकन गर्ने आधारहरुः (१) प्राविधिक प्रस्ताव मूल्यांकन गर्ने आधारहरु र अङ्कभार देहाय बमोजिमका कुनै वा सबै आधार आवश्यकता अनुसार खुलाउनु पर्नेछः

देवचुली नगरपालिका राजपत्र

